प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

प्रदेश नं.-१
विराटनगर, नेपाल

फो.नं. : ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

## चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०४/३१)**

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **चक्लाबन्दी खेती प्रवर्द्धन** कार्यक्रम रहेको हुँदा प्रदेश नं. १ का ईच्छुक कृषक समुह/सहकारी/निजी कम्पनी/उद्यमीहरुले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११)** अनुसार तोकिए बमोजिमका शर्तहरु पालना गरि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्रास हुन आएका आवेदनहरु दर्ता हुने छैन। थप जानकारीका लागि यस निर्देशनालयको फो.नं. ०२१-५११३५८/५१६५६८ मा सम्पर्क राख्नहुन वा वेभसाईट doad.p1.gov.np बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११) डाउनलोड गर्न सकिने छ।

**आवेदन दर्ता तथा संलग्न गर्नुपर्ने कागजातहको लागि सम्पर्क गर्न सकिने कार्यालयहरु :**

१. कृषि विकास निर्देशनालय, प्रदेश नं १, विराटनगर
२. कृषि ज्ञान केन्द्रहरुः झापा, सुनसरी, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर, खोटाङ, इलाम, सोलुखुम्बु, भोजपुर र ओखलढुंगा ।(सम्पर्क केन्द्रहरुः ताप्लेजुङ्ग, मोरङ्ग र तेह्रथुम)

**कार्यक्रम विवरणः**

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम | ४ | ७५% प्रतिशत वा बढिमा रु ३५ लाख सम्म अनुदान | कृषक समूह /कृषि सहकारी संस्था /नीजि कम्पनी /कृषक |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(२) संस्था/समुह नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि
(३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(४) निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी
(५) सहकारी संस्थाको हकमा पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि
(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(७) चक्लावन्दी खेती गर्न सहमत कृषकहरुको जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपीसहित जग्गाको विवरण/ जग्गा भाडामा लिएको भए सो को प्रमाण/ सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस
(८) कृषि ज्ञान केन्द्रको सिफारिस
(९) स्थानीय तह कृषि शाखाको सिफारिश
(१०) चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम प्रस्तावको ढाँचामा प्रस्ताव
(११) कृषक समूह, कृषि सहकारी, नीजि कृषि कम्पनी तथा साध सिमाना जोडिएका किसानबाट चक्लाबन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रक्रियाको बारेमा भएको समूहिक सहमति तथा निर्णय
(१२) चक्लाबन्दीका शर्त तथा प्रक्रिया समेत उल्लेख भएका चक्लाबन्दी खेती कार्यान्वयन पद्धति
(१३) चक्लाबन्दी खेती कार्यान्वयनलाई संस्थागत रुप दिन गठन भएको कार्यान्वयन समिति/उपसमिति विवरण
(१४) चक्लाबन्दी खेतीमा यस कार्यक्रम मार्फत सहयोग प्रास गर्न कम्तिमा पन्ध्र वर्षसम्म सामूहिक खेती गर्ने प्रतिवद्धता पत्र तथा करारनामा
(१५) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।
(१६) निवेदन दस्तुर प्रति निवेदन रु २०० कृषि विकास निर्देशनालय, राजस्व शीर्षकः १४२२९, कार्यालय कोडः ३१२०११३०११, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर

निमित्त प्रमुख

प्रदेश सरकार
[illegible] व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# आवेदन फाराम

रु १० को
टिकट

मितिः

श्री प्रमुख ज्यू
कृषि विकास निर्देशनालय,
.................... ।

मेरो कृषक समूह/सहकारी/ कृषि कम्पनीवाट वा स्वेच्छिक रुपमा साध सिमाना जोडिएका कृषकहरुबाट ......................................... गा.पा./न.पा. ........................ जिल्ला अन्तर्गत .................................... स्थानमा ......................................... क्षेत्रफलमा कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को अनुसुची २६ वमोजिम चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम अनुसारका शर्त तथा सहजीकरणमा सहमत भई **प्रस्तावित कार्ययोजना वमोजिमको लागत अनुमान रु.** ......................................... मध्ये रु. ......................................... सामूहिक रुपमा मेरै/हाम्रै संस्थावाट व्यहोरी बाँकी रु. ................................................. अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरको छु/गरेका छौं ।

निवेदक

दस्तखतः
नाम थरः
पदः
ठेगानाः
संस्था/फर्म/कम्पनीः
संस्थाको छापः
हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखतः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
विराटनगर

## चक्लाबन्दी गर्न सहमत कृषकको नाम तथा जग्गाको क्षेत्रफल

| क्र.स. | कृषकको नाम | जग्गाधनीको नाम | जग्गाको ठेगाना | जग्गाको क्षेत्रफल हेक्टर | सम्बन्धित जग्गा धनिको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

## चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम प्रस्तावको ढाँचा

(१) प्रस्तावकको नामः

(२) ठेगानाः

(३) चक्लाबन्दी हुने क्षेत्रफल तथा कृषक संख्या :

(४) चक्लाबन्दी विस्तार हुन सक्ने क्षेत्रफल :

(५) कार्यक्रमको पृष्ठभूमिः

(क) संस्थाको परिचय तथा पृष्ठभूमि

(ख) चक्लाबन्दी सम्बन्धी जानकारी

- जग्गा एकीकरण पद्धती,
- चक्लाबन्दी व्यवस्थापन गर्ने प्रक्रिया,
- चक्लाबन्दी खेतीका लागि भएको संस्थागत संयन्त्र तथा व्यवस्था
- कृषि उत्पादन तथा बजारीकरण योजना

(६) कार्यक्रमको उद्देश्य : (बढीमा पाँच बुँदामा)

(७) कार्य योजना :

- क्रियाकलाप (के, कति, कहिले, कसरी, कसले) ;

(८) अपेक्षित प्रतिफल : (गणना गर्न सकिने मात्र)

(९) लागत बजेट : (टेबल बनाउन सकिने) (अन्तमा जम्मा, ,)

| क्र.स. | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | संस्थाले व्यहोर्ने | माग गरिएको अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जग्गा चक्लाबन्दी प्रोत्साहन अनुदान | हेक्टर | | | | | |
| २. | भूमिगत सिंचाई जडान | संख्या | | | | | |
| ३. | सतह सिचाई निर्माण | संख्या | | | | | |
| ४. | पूँजिगत अनुदान | | | | | | |
| | कृषि यन्त्र उपकरण खरिदको विवरण | | | | | | |
| | पूँजिगत निर्माण | | | | | | |
| | **जम्मा** | | | | | | |

(१०) नयाँ सोच केही भए उल्लेख गर्नुहोस्: ........................................................